# प्रेस विज्ञप्ति

***(नेपाल हज समितिले सन् २०२२ मा हुने हजयात्रा व्यवस्थापन सम्वन्धमा हालसम्म भए गरेका गतिविधिहरू सरोकारवालाहरूलाई जानकारी गराउने तथा हजयात्राको लागि नेपाल हज समितिले तोकेको शुल्क रकमका सन्दर्भमा भएका टिकाटिप्पणीहरूका वारेमा सत्य तथ्य सम्वद्ध पक्षहरूलाई जानकारी गराउने उद्देश्यले यो विज्ञप्ति जारी गरिएको छ ।)***

नेपालबाट हुने हजयात्रा व्यवस्थापन कार्यका लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत नेपाल हज समिति रहने व्यवस्था अवगतै छ । प्रत्येक वर्ष हिजरी सम्वत अनुसार १२ औ महिना जिलहिज्जाको ८ देखि १२/१३ तारिख सम्म हज हुने गर्दछ र सोही अनुसार साउदी अरब सरकारको हज तथा उमरा मन्त्रालय र नेपाल सरकार गृह मन्त्रालयबिच हुने सम्झौताको आधारमा हजयात्रुको कोटा तथा हजयात्रा प्रक्रिया निर्धारण हुने र सोही अनुसार हजयात्रा व्यवस्थापन कार्य हुदै आएको छ । प्रत्येक वर्ष हजयात्रा हुने भएतापनि विगत २ वर्षमा कोभिड १९ को संक्रमण जोखिमका कारण नेपालबाट हजयात्रा हुन नसकेको व्यहोरा सर्वविदितै छ । सामान्य अवस्थामा मंसीर महिनामा नै हजयात्राको कोटा निर्धारण भई हजयात्राको आवश्यक तयारी कार्य सञ्चालन हुने भएतापनि यस वर्ष छोटो अवधिमा नै हज कार्यको व्यवस्थापन गर्ने गरी कोभिड १९ को संक्रमण जोखिमलाई समेत व्यवस्थापन गर्दै हजयात्रा गर्नुपर्ने सन्दर्भमा ६५ वर्ष भित्रका र कोभिड विरुद्वको पूर्ण खोप लगाईसकेका ५४८(हज प्रतिनिधिमण्डल सहित) नेपाली ईस्लाम धर्मावलम्वीहरूले मात्र हजयात्रा गर्न सक्ने गरी साउदी अरब सरकारको निर्णयलाई नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत साउदी अरबको जेद्दास्थित महावाणिज्य दूतावासबाट मिति २०७९ बैशाख ११ गतेको पत्रानुसार जानकारी प्राप्त भई सोही बमोजिम सन २०२२ को लागि हजयात्रा व्यवस्थापन कार्य अगाडी वढिरहेको छ । हजयात्रा व्यवस्थापनको क्रममा हाल हजयात्रुहरूलाई काठमाण्डौबाट जेद्दा-मदिना-काठमाण्डौ आउने जाने कार्यका लागि हवाई टिकट खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रावधान अनुसार विद्युतीय माध्यमबाट वोलपत्र आव्हान गरी अन्तिम चरणमा रहेको छ । साथै नेपाल हज समिति कार्यविधि २०७२ अनुसार साउदी अरबको मक्का मदिनामा हुने खाना तथा आवास सेवाका लागि नेपाल हज समितिका अध्यक्ष मार्फत साउदी अरब सरकारले सूचिकृत गरेका सेवा प्रदायकहरूसंग सम्झौता समेत भैसकेको छ । साथै साउदी अरब सरकारले निर्धारण गर्ने शिर्षक तथा शुल्क रकम समेत महावाणिज्य दूतावासको मिति २०७९/०२/१३ गतेको पत्रवाट जानकारी भएको छ । सोही बमोजिम यस वर्ष सन् २०२२ मा हजयात्राका लागि ४,६३,३९३/-(अक्षेरुपी रु चार लाख त्रिसट्ठी हजार तिन सय तिरानव्वे मात्र) शुल्क रकम नेपाल हज उपसमितिबाट निर्धारण भैसकेको र उक्त शुल्क रकमको जानकारी मिति २०७९/०२/१६ गतको गोरखापत्रमा प्रकाशन समेत गरिसकिएको छ । साउदी अरब सरकारको मापदण्ड अनुसार गत विगत विगतमा हज गर्नका लागि नेपाल हज समितिमा

शुल्क रकम जम्मा गरिसकेका तर हजयात्रा हुन नसकेका कारण हज गर्न नपाएका व्यक्तिहरू तथा नयां आवेदकहरूबाट आवेदक संकलन समेत गरिसकिएको छ। जस अनुसार आवेदन दिनका लागि तोकिएको समय मिति २०७९ जेष्ठ १० गतेसम्म आवेदन दिएका व्यक्तिहरू मध्ये ५३७ जना गत विगतमा नै आवश्यक पहिलो किस्ता स्वरुप शुल्क रकम जम्मा गरेका व्यक्तिहरू र कोटा अनुसार वाकी संख्यामा नयां आवेदकहरूमध्येबाट छनौट गरी तोकिएको शुल्क रकम मिति २०७९ जेठ २३ गतेभित्र जम्मा गरिसक्न मिति २०७९ जेष्ठ १६ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशन समेत गरिएको छ। साथै उप्रान्त हज व्यवस्थापनका वांकी कार्यहरू समेत सूचारु भैरहेको र २०७९ असार १५ गते भित्र सबै हजयात्रुहरूलाई मक्का पुर्याईसक्ने गरी आवश्यक तयारी कार्य समेत भैरहेको छ।

नेपाल हज समितिले तोकेको शुल्क रकमका सन्दर्भमा नेपाल हज समितिका अध्यक्ष तथा समितिका अन्य पदाधिकारीहरूलाई लक्षित गरी साउदी अरबमा हुने खाना र घरभाडा शिर्षकमा व्यापक अनियमितता गरिएको भनि गरिएको दुस्प्रचार प्रति नेपाल हज समितिको गम्भीर ध्यानाकर्षण भएको छ। गत हज वर्ष २०१९ मा हजयात्राको लागि कुल रु. २,२९,७३१/-(अक्षेरुपी रु दुई लाख उनान्तिस हजार सात सय एकतिस मात्र) शुल्क एकिन भई हजयात्रा गरिएकोमा यस वर्ष रु. ४,६३,३९३/-(अक्षेरुपी रु चार लाख त्रिसठ्ठी हजार तिन सय तिरानव्वे मात्र) शुल्क रकम एकिन भएको (*विविध खर्च शिर्षकमा २०० साउदी रियाल अर्थात ने.रु.६,६३४/- निर्धारण गरिएकोमा साउदी अरब सरकारबाट आकस्मिक रुपमा खर्च हुने गरी कुनै शिर्षक निर्धारण नगरिएमा हजयात्रुलाई फिर्ता गरिने*) सन्दर्भमा गत विगत भन्दा शुल्क रकम वृद्दि भएको यथार्थ नै हो। शुल्क रकम वृद्दि हुनुको मुख्य कारण साउदी अरब सरकारले निर्धारण गरेको शुल्क रकममामा भएको वृद्दि नै प्रमुख कारण रहेको छ। गत २०१९ मा मोअल्लिम शुल्क ७५६ रियाल निर्धारण भएकोमा यस वर्ष साउदी अरब सरकारले वृद्दि गरी ५६५७ रियाल पुर्याएको,गतविगत वर्षहरूमा विमा शुल्क शिर्षकमा शुल्क निर्धारण नगर्ने भएतापनि यस वर्ष उक्त शिर्षकमा प्रतिव्यक्ति १०९ रियाल निर्धारण गरेको लगायतका कारण विगत वर्ष भन्दा साउदी अरब सरकारले निर्धारण गर्ने शुल्कमा ने.रु. १,६०,५२७/- /-(अक्षेरुपी रु एक लाख साठी हजार पांच सय सत्ताईस मात्र) थप वृद्दि भएको छ। साथै खानाको हकमा सन् २०१९ वा सो भन्दा अगाडी २६ दिनको लागि मात्र सेवा उपलब्ध गराईने भएतापनि यस वर्ष ३४ दिन खाना उपलब्ध गराउने गरी सम्झौता भएको र सन् २०१९ भन्दा प्रतिव्यक्ति प्रतिदिन ५ साउदी रियाल मात्र वढी हुने गरी मुल्य एकिन भएको छ। त्यस्तै गरी कोभिड १९ को संक्रमण जोखिमलाई समेत मध्यनजर गरी साउदी अरब सरकारवाट सूचीकृत होटलहरूमध्येबाटै तोकिएको स्वास्थ्य मापदण्ड अनुसार हुने गरी वसाई व्यवस्थापनगर्नुपर्ने अवस्थामा घरभाडा शिर्षकमा केही शुल्क वढ्न गएको छ। खाना तथा आवास सम्वन्धि सेवा प्राप्त गर्ने सन्दर्भमा ३ वटा सम्भावित सेवाप्रदायकवाट कोटेशन लिई न्यूनतम वोलकवोल गर्ने सेवा प्रदायकसंग सेवा प्राप्तिका लागि सम्झौता गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु। साथै गतविगत वर्षमा साउदी

अरब सरकारले ५ प्रतिशत मात्र कर लगाउदै आएको मा यस वर्ष खाना, घरभाडा लगायतका शिर्षकमा १५ प्रतिशत मूल्य अभिवृद्धि कर र ५ प्रतिशत अन्य कर गरी जम्मा २० प्रतिशत कर निर्धारण गरेको कारण समेत शुल्क रकम वढ्न गएको छ । हवाई टिकट व्यवस्थापन गर्दा सन २०१८ मा ८७,६०० /-(अक्षेरुपी रु सतासी हजार छ सय मात्र) २०१९ मा ८४,९००/-(अक्षेरुपी रु चौरासी हजार नौ सय मात्र) भाडा निर्धारण भएकोमा यस वर्ष केवल ६७,८००/- /-(अक्षेरुपी रु सतसट्ठी हजार आठ सय मात्र) मा नै हवाई सेवा प्राप्त गर्ने गरी सार्वजनिक खरिद प्रक्रिया अनुसार खरिद कार्य अन्तिम चरणमा पुगेको छ । हवाई सेवामा गत २०१९ भन्दा १७१००/-(अक्षेरुपी रु सत्र हजार एक सय मात्र) कम मूल्य पर्न जाने अवस्था रहेको छ।

समग्रमा यस वर्ष साउदी अरब सरकारवाट तोकिने शुल्क रकममा भएको वृद्धि तथा कोभिड १९ को स्वास्थ्य मापदण्डको पालना गर्नु पर्ने अवस्थामा खाना तथा घरभाडामा मुल्य वृद्धि भएको कारण विगत वर्ष भन्दा यस वर्ष हजयात्राको लागि निर्धारित शुल्क वृद्धि हुन गएको छ । हज शुल्क वृद्धि भएका कारण कमजोर आर्थिक अवस्था भएका नेपाली ईस्लाम धर्मावलम्बीहरूले हजयात्रा गर्न कठिनाई हुने भएकोले हज शुल्कको ५० प्रतिशत अनुदान उपलब्ध गराउन नेपाल हज उपसमितिले मिति २०७९/०२/१९ गते निर्णय गरी आवश्यक पहल भैरहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

उपरोक्त यथार्थ परिस्थितिमा नेपाल हज समितिले कुनैपनि अनियमिता नगरेको र ईस्लाम धर्मावलम्वीको हज जस्तो पवित्र धार्मिक कार्य व्यवस्थापनमा कुनैपनि मोलाहिजा,अनियमितता नभएको र सो हुनै नसक्ने विषय जानकारी गराउन चाहन्छु । नेपाल हज समितिबाट पारदर्शि व्यवहार हुदाहुदै पनि अनावश्यक प्रचार प्रसार गरी यस वर्षको हजयात्रालाई नै अवरोध गर्न खोज्ने व्यक्ति तथा समूह प्रति यो हज समिति खेद प्रकट गर्दछ र सम्पूर्ण ईस्लाम धर्मावलम्वीहरूलाई सचेत हुन अपील गर्दछु ।

तसर्थ, नेपाल हज समितिले हालसम्म गरेका यथार्थ अवस्थाको जानकारी गराईएको सन्दर्भमा कुनै पनि भ्रममा नपरी हजयात्राका लागि छनौट गरेका आवेदकहरूले तोकिएको शुल्क रकम निर्धारित समय भित्रै जम्मा गरी हजयात्रामा सहभागी हुनुहुन हार्दिक अनुरोधका साथै हज जाने हाजी सावलाई मुवारक(बधाई) दिन चाहन्छु ।

**धन्यवाद् ।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समिति
सिंहदरबार काठमाडौं

**मिति: २०७९/०२/२०**
**समय: नेपाल हज समिति,सिंहदरवार**

**शमसेर मियाँ**
**अध्यक्ष**
**नेपाल हज समिति**